सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राजपुर, डोटी

इमेलः phdnseven@gmail.com
फोन नं ०९४-४४०१२०,०९४-४४००६२

स्वास्थ्य निर्देशनालय राजपुर डोटीको सेवा करार सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३।०७।१६

यस निर्देशनालयको आ.व २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ग्लोबल फण्ड कार्यक्रम संचालनको लागि तपसिल बमोजिमको जनशक्ति आवश्यक परेको हुनाले योग्यता पुगेको र इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा अनलाइन अथवा कार्यालयमा उपस्थित भई ग्लोबल फण्ड कर्मचारी व्यवस्थापन कार्यविधि, २०८३ को अनुसूची ४ बमोजिमको ढाँचामा आवेदन फारम भरि पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र.स.	विज्ञापन न.	पद	तह	माग संख्या	योग्यता
१.	०३।२०८३।०८४	औलो सर्भिलेन्स अधिकृत (ग्लोबल फण्ड कार्यक्रम)	आठौ	१ (एक)	MBBS उत्तीर्ण गरि NMC मा दर्ता भएको र सम्बन्धित क्षेत्रको ३ वर्ष कार्य अनुभव भएको
२.	०४।२०८३।०८४	कार्यक्रम अधिकृत(औलो ,क्षयरोग , एच आइ भी /एड्स)(ग्लोबल फण्ड कार्यक्रम)	आठौ	१ (एक)	जनस्वास्थ्य बिषयमा स्नातकोत्तर गरि सम्बन्धित परिषदमा दर्ता भएको र सम्बन्धित बिषयमा ३ वर्ष कार्य अनुभव भएको
३.	०५।२०८३।०८४	अनुगमन , मुल्यांकन र आपूर्ति व्यवस्थापन सहायक (ग्लोबल फण्ड कार्यक्रम)	बरिस्ठ पाचौ	१ (एक)	स्वास्थ्य बिज्ञान बिषयमा स्नातक उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको र सम्बन्धित क्षेत्रमा २ वर्ष कार्य अनुभव भएको

१.न्युनतम शैक्षिक योग्यता र कार्यअनुभव :

क) औलो सर्भिलेन्स अधिकृत, कार्यक्रम अधिकृत (औलो , क्षयरोग र एच आइ भी/ एड्स) र अनुगमन मुल्यांकन तथा आपूर्ति व्यवस्थापन सहायकको लागि न्युनतम शैक्षिक योग्यता र कार्यअनुभव (ग्लोबल फण्ड कार्यक्रम) : स्वास्थ्य निर्देशनालय सुदूरपश्चिम प्रदेशको वेबसाइट : https://hd.sudurpashchim.gov.np मा Upload भएको "ग्लोबल फण्ड कार्यक्रम संचालनको लागि कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०८३ र कार्यविबरण" मा उल्लेख भए अनुसार हुनेछ ।

२.उमेर : १८ वर्ष पुरा भै ५५ वर्ष ननाघेको।

३.दरखास्तसंग संलग्न गर्नु पर्ने कागजातहरु : ग्लोबल फण्ड कर्मचारी व्यवस्थापन कार्यविधि, २०८३ को अनुसूची ४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरण भरि शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राजपुर, डोटी

इमेलः phdnseven@gmail.com
फोन नं ०९४-४४०१२०,०९४-४४००६२

प्रतिलिपि, तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सहित पेश गर्नु पर्ने छ ।साथै सूचना प्रकाश गर्दा माग गरे अनुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा शैक्षिक योग्यता प्राप्त गरेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ,भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरि बर्खास्त नगरिएको हुनु पर्नेछ र स्वास्थ्य कर्मचारीको हकमा सम्बन्धित परिषदमा दर्ता भएको, अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति, करार सम्झौता, कामको विवरण, काम गरेको अबधि र अन्य आवश्यक प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. सेवाको किसिम : कार्यक्रम करार आ.व. २०८३ / २०८४ (असाढ मसान्त सम्मको लागि)

५. छनौटको आधार र प्रक्रिया : लिखित र मौखिक परीक्षा ।

६.दरखास्त बुझाउने स्थान र शुल्क : स्वास्थ्य निर्देशनालय, राजापुर, डोटी र अनलाइनको लागि phdnseven@gmail.com मा पठाउनु पर्नेछ र दरखास्त बाफत कुनै शुल्क लाग्ने छैन ।

७.दरखास्त दिने अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुने गरि दरखास्त पेश गर्नु पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस पछी कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ ।

८. तलब भत्ता तथा अन्य सुविधा : तोकिए बमोजिम ।

९.परीक्षा सम्बन्धि सुचना : स्वास्थ्य निर्देशनालय को वेबसाइट https://hd.sudurpashchim.gov.np मा प्रकाशित गरिने छ वा सम्पर्क मितिको दिनमा जानकारी गराइनेछ ।

१०. रितपुर्वक पेश हुन नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

११.सम्पर्क मिति : दरखास्त पेश गर्ने अन्तिम दिनको भोलि पल्ट बिहान ११:०० बजे ।

१२. छनौट कार्यविधि : "ग्लोबल फण्ड कार्यक्रम संचालनको लागि कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३ र कार्य विवरण" मा उल्लेख भए अनुसार हुनेछ ।

१३ .बिस्तृत जानकारीको लागि : मोबाइल न. ९८५८४९१९९५ (उत्तम राज उपाध्याय) वा ९८४८७२०९९८ (हेमराज जोशी) मा सम्पर्क गर्न सकिने छ ।

पदपूर्ति समितिको सचिवालय
स्वास्थ्य निर्देशनालय डोटी